| | |
|---|---|
| | **नेपाल मेडिकल काउन्सिल**<br>बाँसबारी, काठमाडौं<br>**प्रगती विवरण**– २०७९/८० (**सन् २०२३**) |

## विषय प्रवेश

नेपाल मेडिकल काउन्सिल ऐन २०२० अनुसार चिकित्सक तथा शिक्षण संस्थाको नियमन गर्ने व्यवस्था भएकोमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बाट स्थापित चिकित्सा शिक्षा आयोगको गठन पश्चात काउन्सिलको कार्यक्षेत्र चिकित्सकको दर्ता, दर्ता परीक्षा, व्यवसायिक आचरण तथा चिकित्सकहरुको उन्नयनमा सीमित भएको छ ।

पदाधिकारी, कार्यकारी सदस्य तथा कर्मचारीको लगन, ईमान्दारीता तथा निष्ठाका कारण काउन्सिलको सेवा तथा नियमनका कामहरू प्रभावकारी ढंगबाट अगाडी बढेका छन् । आगामी दिनहरुमा यी काम कारवाहीहरु निरन्तर र प्रशोधित रुपमा अगाडी बढ्ने कार्यक्रम छ ।

नेपाल मेडिकल काउन्सिल आँफैमा अख्तियार प्राप्त निकाय भएता पनि यसले गरेका काम कारबाही बारे अदालत तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रश्न उठ्न सक्ने भएकाले यसले गर्ने निर्णय र कारबाहीहरु कानुनी रित र विधि प्रकृया अनुसार गरिनु पर्दछ । कार्यकारीमा रहेर नियमपूर्वका काम गर्नु गौरवको विषय भएता पनि ती विषय बेलाबखत जोखिमपूर्ण हुनसक्छन् । यसका साथै काउन्सिलका कामकारवाहीलाई जस्ताको तस्तै सञ्चार माध्यम मार्फत जनता तथा सरोकारवालाहरु समक्ष प्रस्तुत गर्न आवश्यक छ ।

यो प्रतिबेदनमा गएका बर्षमा नेपाल मेडिकल काउन्सिलबाट भएगरिएका कामहरु, चुनौतिहरु, अप्ठ्याराहरु तथा आगामी दिनमा गर्नु पर्ने कामहरुका बारेमा उल्लेख गरिएको छ ।

## काम, कर्तव्य र अधिकार

नेपाल मेडिकल काउन्सिल ऐन २०२० (२०४४, २०४७, २०५६ र २०५८ मा संसोधित) अनुसार काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ ।

(क) चिकित्साशास्त्र अध्ययन अध्यापन गराइने तथा तालिम दिने दिलाउने मेडिकल कलेजलाई तोकिएबमोजिम मान्यता दिने ।

(ख) चिकित्साशास्त्र अध्ययन अध्यापन गराउने तालिम दिने दिलाउने मेडिकल कलेजको पाठ्यक्रम भर्नाका शर्तहरू तथा परीक्षा प्रणाली सम्बन्धी तोकिए बमोजिमको नीति तथा अन्य आवश्यक पूर्वाधारहरू तथा मापदण्ड सम्बन्धी कुराहरूको मूल्याङ्कन र पुनरावलोकन गर्दा सो बमोजिम नभएको ठहर भएमा दर्ता तथा स्वीकृति खारेजीको लागि सिफारिस गर्ने ।

(ग) चिकित्सा व्यवसाय सुचारु रूपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।

(घ) चिकित्सकहरूको योग्यता निर्धारण गरी योग्यता पुगेका चिकित्सकहरूको तोकिए बमोजिमको दर्ता प्रमाणपत्र परीक्षा (लाईसेन्स परीक्षा) लिई दर्ता प्रमाणपत्र दिने ।

(ङ) चिकित्सकहरूको तोकिएबमोजिम आचार संहिता तयार गर्ने र त्यस्ता आचार संहिता उल्लङ्घन गर्ने चिकित्सक उपर तोकिएबमोजिम कारबाही गरी दर्ता किताबबाट नाम हटाउने ।

यस मध्ये क र ख का अधिकार चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्रमा पर्न गएका छन् ।

## संरचना

नेपाल मेडिकल काउन्सिल ऐन २०२० को दफा ३ बमोजिम स्थापना भएको काउन्सिलमा हाल एक अध्यक्ष र एक उपाध्यक्ष र १० जना सदस्य सहित जम्मा १२ जना कार्यकारीहरू रहेका छन् । डीनहरु मध्येको मनोनित

एक सदस्य, एक उपभोक्ता प्रतिनिधी, दुई मेडिकल प्रतिनिधी, दुई डेन्टल प्रतिनिधी मनोनित विज्ञ सदस्य, रजिस्ट्रार र एक निर्वाचित सदस्यको पदपूर्ति हुन बाँकी रहेको छ ।

काउन्सिलका मनोनीत वा निर्वाचित सदस्यहरूको पदावधि चार वर्षको हुन्छ । समितिहरुको निर्माण तथा प्रवक्ता तोक्ने काम काउन्सिलबाट हुनेछ । हाल काउन्सिलमा निम्नानुसारका समितिहरु कृयाशिल छन् ।

- शिक्षा तथा सी.पी.डी. समिति
- व्यवसायिक आचरण तथा स्वास्थ्य समिति
- चिकित्सक दर्ता समिति
- विदेशी चिकित्सक दर्ता समिति
- दन्तचिकित्सा समिति
- परीक्षा समिति

**प्रतिनिधित्व**

- चिकित्सा शिक्षा आयोग– सदस्य
- नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (चिकित्सा शिक्षा आयोग)– सदस्य
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद्– सदस्य
- नेपाल स्वास्थ्य व्यवसायी परिषद्– सदस्य
- स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु– सभासद्
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ दफा १८९(२) बमोजिमको समिति– संयोजक
- गुणस्तर समिति (नापतौल तथा गुणस्तर विभाग)– सदस्य
- अंग प्रत्यारोपण समन्बय समिति– सदस्य
- स्वास्थ्य समन्वय महाशाखा, स्वास्थ्य तथा जनसंख्या मंत्रालय (विदेशी स्वस्थ्यकर्मी सिफरिस)– सदस्य
- र्यापिड रेस्पोन्स टीम- (स्वास्थ्य तथा जनसंख्या मंत्रालय)– सदस्य
- अन्तरकाउन्सिल सूचना प्रविधि समिति– संयोजक
- एकीकृत छाता ऐन मस्यौदा समिति (परिषद्हरुको एकीकृत ऐन, खाद्य तथ औषधी ऐन, एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण ऐन, एकीकृत स्वास्थ्य अनुसंधान ऐन, एकीकृत अस्पताल विकास समिति ऐन, अन्य आवश्यक ऐनहरु)– सदस्य

**प्रगति तथा उपलब्धिहरु**

*एक रूपताका लागि सबै तथ्यांकहरू सन् २०२३ को डिसेम्बर ३१ गते अध्यावधिक गरिएका हुन् ।*

**इलिजिविलिटी (योग्यता) प्रमाणपत्र- अध्ययन अनुमतिका लागि आवश्यक**

मेडिकल र डेण्टल तर्फका स्नातक, स्नातकोत्तर, फेलोसिप र उच्चस्तरीय तालिमका लागि इलिजिविलिटी (योग्यता) प्रमाणपत्र दिंदै आएकोमा २०२० सेप्टेम्बर देखि चिकित्सा शिक्षा आयोगबाट जारी हुन थालेको छ ।

| Year | UG | PG |
|---|---|---|
| 2015 | 1379 | 544 |
| 2016 | 478 | 390 |
| 2017 | 495 | 399 |
| 2018 | 586 | 333 |
| 2019 | 557 | 240 |
| 2020 | 111 | 201 |

२०२० सेप्टेम्बर देखि प्रयोगमा आएको निर्देशिका र फारम भर्ने वेवपेज

https://eligibility.mec.gov.np/user/register

https://www.mec.gov.np/public/uploads/shares/eligibility_guideline-2077_final.pdf

## असल चारित्रिक प्रमाणपत्र

असल चारित्रिक प्रमाणपत्र वा Good standing certificate नेपाली चिकित्सकले विदेशमा अध्ययन गर्न, विदेशमा काम गर्न र नेपालमा सरकारी बढुवा हुनका लागि आवश्यक हुन्छ ।

| SN | Country | 2020 | 2021 | 2022 | 2023 |
|---|---|---|---|---|---|
| 1 | UK | 162 | 319 | 592 | 505 |
| 2 | USA | 276 | 273 | 496 | 843 |
| 3 | Maldives | 216 | 403 | 453 | 395 |
| 4 | Nepal | 218 | 175 | 235 | 264 |
| 5 | UAE | 35 | 53 | 116 | 142 |
| 6 | Australia | 62 | 66 | 109 | 166 |
| 7 | India | 62 | 159 | 106 | 186 |
| 8 | Canada | 10 | 17 | 30 | 26 |
| 9 | Germany | 7 | 23 | 20 | 11 |
| 10 | Qatar | 7 | 6 | 9 | 14 |
| 11 | Singapore | 3 | 1 | 7 | 3 |
| 12 | Brunei | 4 | 1 | 8 | 1 |
| 13 | Denmark | 2 | 0 | 3 | 6 |
| 14 | Hong Kong | 5 | 0 | 2 | 2 |
| 15 | Ireland | 0 | 5 | 1 | 6 |
| 16 | Saudi | 0 | 1 | 1 | 1 |
| 17 | Bangladesh | 0 | 0 | 1 | 0 |
| 18 | Belgium | 1 | 0 | 0 | 0 |
| 19 | Others | 17 | 0 | 0 | 11 |
| | **TOTAL** | **1087** | **1502** | **2189** | **2582** |

## लाईसेन्स परीक्षा २०८० पुष १६ (२०२३ डिसेम्बर ३१) सम्मको अध्यावधिक

*स्नातक तहको दर्ता प्रमाणपत्र परीक्षा*

| Year | Appeared | Passed | Pass % |
|---|---|---|---|
| 2018 | 4342 | 2408 | 55.5 |
| 2019 | 5207 | 2672 | 51.3 |
| 2020 | 2937 | 1813 | 61.7 |
| 2021 | 2541 | 1354 | 53.28 |
| 2022 | 5687 | 2386 | 42 |
| 2023 | 5841 | 2580 | 44 |

२०८०।०६।१२ गते लिइएको ६७ औं परीक्षासम्मको तथ्यांक समेटिएको

*स्नातकोत्तर तहको विशेष परीक्षा*

| Year | Appeared | Passed | Pass % |
|---|---|---|---|
| 2018 | 1182 | 745 | 63.0 |
| 2019 | 1374 | 872 | 63.5 |
| 2020 | 1163 | 755 | 64.9 |
| 2021 | 808 | 494 | 61.1 |
| 2022 | 1673 | 1234 | 73.8 |
| 2023 | 812 | 496 | 61 |

२०८०।०८।१५ गते लिइएको २७ औं परीक्षासम्मको तथ्यांक समेटिएको

## स्वदेशी चिकित्सक दर्ता २०८० पुष १६ (२०२३ डिसेम्बर ३१) सम्मको अध्यावधिक

| **2018** | UG | Male | Female | Total | COMB | Male | Female | Total |
|---|---|---|---|---|---|---|---|---|
| | Medical | 1274 | 690 | 1964 | Medical | 14126 | 6907 | 21033 |
| | Dental | 99 | 275 | 374 | Dental | 999 | 1719 | 2718 |
| | Total | 1373 | 965 | 2338 | Total | 15125 | 8626 | 23751 |
| | | | | | | | | |
| **2019** | UG | Male | Female | Total | COMB | Male | Female | Total |
| | Medical | 1359 | 754 | 2113 | Medical | 15485 | 7661 | 23146 |
| | Dental | 119 | 363 | 482 | Dental | 1118 | 2082 | 3200 |
| | Total | 1478 | 1117 | 2595 | Total | 16603 | 9743 | 26346 |
| | | | | | | | | |
| **2020** | UG | Male | Female | Total | COMB | Male | Female | Total |
| | Medical | 1074 | 594 | 1668 | Medical | 16559 | 8255 | 24814 |
| | Dental | 318 | 145 | 463 | Dental | 1436 | 2227 | 3663 |
| | Total | 1392 | 739 | 2131 | Total | 17995 | 10482 | 28477 |
| | | | | | | | | |
| 2021 | UG | Male | Female | Total | COMB | Male | Female | Total |
| | Medical | 882 | 416 | 1298 | Medical | 17381 | 8671 | 26052 |
| | Dental | 110 | 308 | 418 | Dental | 1546 | 2535 | 4081 |
| | Total | 992 | 724 | 1716 | Total | 18927 | 11206 | 30133 |
| | | | | | | | | |
| 2022 | UG | Male | Female | Total | COMB | Male | Female | Total |
| | Medical | 1139 | 614 | 1753 | Medical | 18520 | 9285 | 27805 |
| | Dental | 76 | 256 | 332 | Dental | 1622 | 2791 | 4413 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Total | 1215 | 870 | 2085 | Total | 20142 | 12076 | 32218 |
| 2023 | UG | Male | Female | Total | COMB | Male | Female | Total |
| | Medical | 1434 | 788 | 2222 | Medical | 19954 | 10073 | 30027 |
| | Dental | 105 | 365 | 470 | Dental | 1727 | 3156 | 4883 |
| | Total | 1539 | 1153 | 2692 | Total | 21681 | 13229 | 34910 |

## स्नातक तहको दर्ता २०८० पुष १६ (२०२३ डिसेम्बर ३१) सम्मको अध्यावधिक

| Subject | Male | Female | Total |
|---|---|---|---|
| Anaesthesiology | 526 | 195 | 721 |
| Anatomy | 33 | 28 | 61 |
| Biochemistry | 25 | 37 | 62 |
| Cardic surgery | 5 | 2 | 7 |
| Cardiology | 121 | 10 | 131 |
| Clinical Genetic | 5 | 1 | 6 |
| Clinical Pathology | 147 | 215 | 362 |
| Coloractal Surgery | 3 | 0 | 3 |
| Community Denstry | 3 | 3 | 6 |
| Community Medicine &Public Health | 102 | 92 | 194 |
| Conservative Dentistry & Endodontics | 24 | 45 | 69 |
| Critical Care Medicine | 1 | 0 | 1 |
| CTVS | 18 | 7 | 25 |
| Dermatology & Venerology | 177 | 165 | 342 |
| E.N.T. | 241 | 87 | 328 |
| Emergency medicine | 17 | 9 | 26 |
| Endiocrinology | 21 | 7 | 28 |
| Family medicne | 2 | 1 | 3 |
| Forensic Medicine | 37 | 16 | 53 |
| Forensic Odontology | 1 | 0 | 1 |
| Gastroenterology | 44 | 2 | 46 |
| Gaystro Surgery | 24 | 6 | 30 |
| General Practice | 400 | 96 | 496 |
| General Surgery | 895 | 54 | 949 |
| Geriatric Medicine | 5 | 1 | 6 |
| Haematology | 5 | 1 | 6 |
| Hepatobilary surgery | 5 | 1 | 6 |
| Hepatology | 3 | 0 | 3 |
| Hospital Adminitration | 57 | 12 | 69 |
| Internal Medicine | 974 | 114 | 1088 |
| MDS | 145 | 89 | 234 |
| Microbiology | 29 | 48 | 77 |
| MPH | 2 | 2 | 4 |

| | | | |
|---|---|---|---|
| Neonatology | 6 | 2 | 8 |
| Nephrology | 23 | 4 | 27 |
| Neurology | 31 | 5 | 36 |
| Neurosurgery | 60 | 0 | 60 |
| Nuclear Medicine | 35 | 27 | 62 |
| OBS & GYN | 286 | 710 | 996 |
| Oncology | 22 | 6 | 28 |
| Ophthalmology | 246 | 224 | 470 |
| Oral & Maxillofacial surgery | 70 | 18 | 88 |
| Oral Medicine and Radiology | 4 | 9 | 13 |
| Oral Pathology | 5 | 10 | 15 |
| Oral Science | 2 | 2 | 4 |
| Ortho dontics | 115 | 63 | 178 |
| Orthopaedic | 799 | 7 | 806 |
| Paediatricts Cardiology | 0 | 1 | 1 |
| Pallitive Medicne | 5 | 6 | 11 |
| Peadiatrics Gastroentrology | 1 | 2 | 3 |
| Peadiatrics Hematology | 0 | 1 | 1 |
| Pediatric HematologyOncology | 23 | 16 | 39 |
| Pediatrics | 554 | 227 | 781 |
| Pediatrics Nephrology | 1 | 0 | 1 |
| Pediatrics Surgery | 19 | 3 | 22 |
| Pedodontics | 4 | 30 | 34 |
| Periodontics | 18 | 44 | 62 |
| Pharmacology | 51 | 31 | 82 |
| Physical Medicine and Rehabilitation | 3 | 0 | 3 |
| Physiology | 40 | 34 | 74 |
| Plastic surgery | 10 | 3 | 13 |
| Prosthodontics | 51 | 46 | 97 |
| Psychiatry | 169 | 91 | 260 |
| Public Health Denstry | 5 | 1 | 6 |
| Pulmonology | 2 | 1 | 3 |
| Radio therapy | 50 | 14 | 64 |
| Radiology & Imaging | 542 | 124 | 666 |
| Rheumatology | 7 | 2 | 9 |
| Surgical Oncology | 22 | 2 | 24 |
| T.B. & Respiratory | 25 | 6 | 31 |
| Thorasic Surgery | 0 | 1 | 1 |
| Transfusion medicine & tissuetypying | 4 | 1 | 5 |
| Tropical Medicine | 1 | 0 | 1 |
| Urology | 59 | 1 | 60 |
| **Total** | **7467** | **3121** | **10588** |

## दर्ता खारेज

- दिवंगत भएका र जाली प्रमाणपत्र प्रमाणित भएकाहरुको दर्ता खारेजको विवरण नेमेका वेवसाइटको https://nmc.org.np/deregistration ठेगानामा राखिएको छ । हालसम्म १७२ जनाको दर्ता खारेजी गरिएको छ ।

## विदेशी नागरिक चिकित्सक दर्ता

- नेपालका मेडिकल कलेज, चिकित्सा विज्ञान प्रतिष्ठान र नीजि अस्पतालमा कामगर्ने विदेशी नागरिकता भएका चिकित्सकहरूको विवरण नेमेका वेवसाइटको https://nmc.org.np/list/fnd-doctors ठेगानामा राखिएको छ । हाल ३७६ जनाको दर्ता कायम गरिएको छ ।

*विदेशी चिकित्सक दर्ता नविकरण तथा नियमनको प्रावधान–*

मेडिकल काउन्सिलमा दर्ता भै कार्यरत विदेशी नागरिक चिकित्सकले नवीरकणको म्याद सकिएको ३५ (पैंतिस) दिनभित्र नियमित नवीकरणका शुल्क तिरेर नवीकरणका लागि आवश्यक सबै प्रकृया पुरागरी नेपाल मेडिकल काउन्सिल वा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आवेदन दर्ता भै आवेदन स्वीकृत भएमा सुरु मिति देखि नै दर्ता नियमित गर्ने । निजहरुका लागि देहायका प्रावधान लागु हुने-

क. काउन्सिलमा एकपटक दर्ता भै कामगरेको विदेशी चिकित्सकले ३५ भित्र नविकरणका लागि आवेदन दर्ता नगरेको वा आवेदन स्वीकृत नभएको अवस्थामा चिकित्सकिय अभ्यास गरेको पाइएमा त्यस्तो विदेशी चिकित्सकलाई आगामी २ बर्ष सम्मका लागि पुनःदर्ता नगर्ने ।

ख. सूचनाको अवहेलना गरी वा जानिजानि विना दर्ता कामगर्ने विदेशी चिकित्सकलाई निजले भविश्यमा नेपालमा चिकित्सकका रुपमा कामगर्न अयोग्य हुनेगरी कारबाही गर्ने । यसका साथै निजको बारेमा सम्बन्धित देशको काउन्सिल÷नियमकारी निकायलाई समेत लेखिपठाउने ।

ग. प्रकरण क र ख बमोजिमको विदेशी चिकित्सकलाई बिना दर्ता वा दर्ता नविकरण नगरी चिकित्सकीय काममा लगाउने संस्थालाई चेतावनी सहित चेतावनीको निर्णय भएको बढीमा २ बर्ष सम्म सो संस्थामा कुनैपनि विदेशी नागरिक चिकित्सक दर्ता तथा दर्ता नविकरण नगर्ने ।

घ. विदेशी नागरिक चिकित्सकले बिना दर्ता कामगरेको अवधिमा विरामीलाई हानी–नोक्सानी हुनगएको कुनै उजुरी वा सिकायत भए सोको बिवरण उल्लेख गरी नेपाल मेडिकल काउन्सिलमा उजुर गर्न सकिने व्यहोराको सार्वजनिक सूचना प्रकाशन गर्ने र दोषि देखिएमा त्यस्ता चिकित्सकलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने ।

## आचारसंहिता कारवाही

सन् २०२३ मा व्यवसायिक आचारसंहिता सम्बन्धी ८६ वटा उजुरी परेकोमा २७ वटाको निर्णय भएको, १ वटा निवेदन फिर्ता, १७ वटा तामेली र ४१ वटा प्रक्रियामा रहेको छ । निर्णय भएका २७ वटा उजुरीहरु मध्ये ३ वटामा चिकित्सकलाई चेतावनी तथा निर्देशन दिइएको, ६ वटामा कारवाही गरीरहनु नपर्ने, ५ वटामा चिकित्सकलाई सचेत/जानकारी/निर्देशन तथा अन्तिम चेतावनी गराइएको, २ वटामा विभाग प्रमुखको निगरानीमा काम गर्ने (१५ दिन) तथा प्रोवेशनमा राख्ने, ११ वटा आवश्यक कारबाही गरी सम्बन्धित निकायमा कारबाहीको सिफारिस सहित लेखी पठाइएको ।

## अनलाईन फारम तथा सर्भर

- काउन्सिलबाट प्रदान गरिने सबै सेवाहरु अनलाईन सेवा मार्फत प्रवाह गरी लिखित आवेदन लिने व्यवस्था बन्द गरिएको र आवेदन गरेको तीन दिन भित्र सेवा प्रदान हुने व्यवस्था गरिएको छ ।
- प्रमाणपत्रमा उल्लेख हुने मिति परीक्षा उत्तिर्ण भै प्रमाणित भएको मिति उल्लेख गरिन्छ ।

## उजुरी तथा गुनासा सुन्ने संयन्त्र

- काउन्सिलको वेवपेज तथा कार्यालयमा गुनासो सुन्ने व्यवस्था मिलाईएको छ ।

***